# देवघाटधाममा एन.आर.एन वृद्धाश्रमको शिलान्यास सम्पन्न

गैरआवसीय नेपाली संघद्धारा निर्माण गर्न लागिएको बृद्धाश्रमको चितवनस्थीत देवघाटधाममा शिलान्यास भएको छ । देवघाटधामस्थीत गलेश्वर आश्रमका पिठाधिस श्री १००८ स्वामी आत्मानन्द गिरीजी महाराजले यही ४ डिसेम्बर २००६ (धान्य पूर्णिमा) का दिन विहान साढे नौ बजेको शुभ-साइतमा बृद्धाश्रमको विधिपूर्वक शिलान्यास गर्नुभयो ।

शिलान्यासको अवसरमा आश्रमका बटुकहरुले स्वस्तीवाचनसहित मन्त्रोच्चारण गरेका थिए भने त्यसअघि निर्माणस्थलमा पण्डितहरुबाट विशेष पूजा आरधाना गरिएको थियो । यो कार्यक्रममा गैरआवसीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. उपेन्द्र महतो, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डीराज ढकाल तथा निवर्तमान अध्यक्ष विनोद वहादुर श्रेष्ठ लगायतको उपस्थिती थियो ।

विदेशमा बस्ने नेपालीहरुको सन् २००३ मा सम्पन्न पहिलो विश्व सम्मेलनको क्रममा गैरआवसीय नेपालीहरुले पशुपतिमा किरियापुत्री भवन र देवघाटमा २०० शैय्याको बृद्धाश्रम बनाउने घोषणा गरिएपनि विभिन्न प्राविधिक कारणले यसको निर्माण शुरु हुन सकेको थिएन । यो बृद्धाश्रम आगामी तेस्रो विश्व सम्मेलनको अवसरमा निर्माण पूरा गरी हस्तान्तरण गरिने कार्यक्रम रहेको छ ।

यो आश्रम निर्माणका लागि श्री १००८ स्वामी आत्मानन्द गिरीजी महाराजको अध्यक्षतामा समिति गठन गरिएको छ । उक्त समितिमा गैरआवसीय नेपाली संघ, नेपाल उद्योग वाणिज्य महासंघ, देवघाट क्षेत्र विकास समिति, विश्वशान्ती यज्ञशाला गुठी, नारायणगढ उद्योग वाणिज्य संघ, रत्न नगर उद्योग वाणिज्य संघका प्रतिनिधिको सहभागिता छ ।

शिलान्यास समारोहमा स्वामीजी महाराजले नयाँ नेपालको निर्माण अभियानमा बृद्धाश्रम निर्माणको यो जग पहिलो 'इट्टा' भएको धारणा व्यक्त गर्नु भयो । उहाँले विदेशमा बस्ने नेपालीहरुले स्वदेशप्रतिको दायित्व सम्झेर निर्माण हुन लागेको यो बृद्धाश्रम सफलताले सुभाषित हुन सकोस् भनेर शुभकामना दिनुभयो ।

उहाँले स्वंय आफू पनि गैरआवसीय नेपाली जस्तै भएको स्मरण गर्दै देवघाटधाम जस्तो पवित्र तिर्थस्थलमा यो बृद्धाश्रम निर्माण गर्नु अझ राम्रो भएको बताउनु भयो । उहाँले ११ बर्षको उमेरमा नेपाल छाडेर ३५ बर्षसम्म भारतको मुम्बई लगायतका क्षेत्रमा रहेको स्मरण गर्दै तीर्थयात्राको क्रममा नेपाल आएको बेला देवघाटमा बसेको जानकारी उहाँले कार्यक्रममा दिनुभयो ।

झन्डै डेढ दशकदेखि गलेश्वर आश्रममा बस्दै आउनु भएका स्वामी महाराजले गैरआवसीय नेपालीहरुलाई तनहुँ क्षेत्रमा पर्ने पुल पारीको देवघाटधाममा कम्तीमा २५ शैय्याको अस्पताल निर्माण गर्नका लागि सहयोग गर्न आग्रह गर्नु भयो । स्वामीजी महाराजले वृद्धाश्रम निर्माणपछि संचालनका लागि समेत सहयोग गर्ने आउने आसय व्यक्त गर्नु भएको छ ।

गैरआवसीय नेपाली संघका अध्यक्ष डा. महतोले देवघाटधामजस्तो पवित्र तीर्थस्थलमा बृद्धाश्रम निर्माण गर्ने अवसर पाएकोमा विदेशमा रहेका सम्पूर्ण नेपालीहरु गद्गद् भएको बताउनु भयो । उहाँले नेपालीहरु विदेश गएपछि स्वदेशको सामाजिक तथा सांस्कृतिक सम्पदाको अझ बढी सम्झना आउने गरेको बताउँदै यस्तो सामाजिक काममा नेपालीहरु अग्रसर हुन उत्साहित भएको जानकारी दिनुभयो ।

डा. महतोले यो बृद्धाश्रमलाई केवल बृद्धाश्रममात्र नबनाई सामाजिक, सांस्कृतिक, भाषागत र रितीरिवाजको केन्द्रविन्दु बनाउने सम्बन्धमा छलफल भैरहेको बताउनु भयो । उहाँले बृद्धहरुका अमूल्य अनुभव मन्थन गर्ने केन्द्र, स्कूल, अस्पताल लगायतका पूर्वाधार पनि यस क्षेत्रमा निर्माणका लागि सहयोग गर्ने बताउनु भयो ।

सिलान्यासका अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डीराज ढकालले स्वदेशी व्यवसायीहरु पनि सामाजिक उत्तरदायित्व प्रति सजग भैरहेको बेला गैरआवसीय नेपालीहरुसँग मिलेर बृद्धाश्रम निर्माणमा सहभागी हुन पाएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले महासंघले गैरआवसीय नेपालीहरुसंग मिलेर देशका सामाजिक तथा आर्थिक उन्नतीका लागि आवश्यक वातावरण बनाउनका लागि क्रियाशील भएको पनि जानकारी दिनुभयो ।

चितवनका प्रमुख जिल्ला अधिकारी नेत्रवहादुर रावलले विदेशमा बस्ने नेपालीहरुले मान्यजनप्रति देखाएको यो भावनालाई कदर गर्दै सबैले आफ्नो तर्फबाट सहयोग गर्नुपर्ने धारणा राख्नु भयो । उहाँले वहुसंख्यक नेपालीहरुलाई जीवनको अन्तिम समयमा देवघाटधाममा बसोबास गर्न रुचाउने देखिएको जानकारी दिदैं गैरआवसीय नेपालीहरुले गरेको यो कामबाट थप प्रेरणा मिल्ने दावी गर्नुभयो ।

देवघाट क्षेत्र विकास समितिका अध्यक्ष डा. गुरुप्रसाद सुवेदीले देघवाटधाम क्षेत्रलाई समुन्नत र व्यवस्थीत बनाउने काममा गैरआवसीय नेपालीहरुबाट ठूलो सहयोगको अपेक्षा गरेको जानकारी दिनुभयो । उहाँले सात समुन्द्रपारीका नेपालीहरुले देखाएको उदाहरणलाई अत्यन्त सकरात्मक रुपमा लिएको र परियोजनालाई छिटो भन्दा छिटो सम्पन्न गर्नका लागि सबै कम्मर कसेर लाग्नु पर्ने बताउनु भयो । ‘बृद्धाश्रम निर्माणमा सबैको सहयोग भयो भनेमात्र अरु लगानी आकर्षित गर्न सकिने भएकाले गैरआवसीय नेपालीहरुको यो परियोजनालाई सफल बनाउन हामीहरु आजैदेखि लाग्नु पर्छ’, उहाँले भन्नुभयो ।

समारोहमा विश्वशान्ती महायज्ञ गुठीका लक्ष्मण सुवेदीले व्यवसायीक प्रायोजनका लागि नभई परोपकारी रुपमा विदेशमा बस्ने नेपाली दाजुभाईबाट बन्न लागेको हुनाले नै आफूहरुले जग्गा उपलब्ध गराएको कुरा बताउनु भयो । स्मरण रहोस, गुठीले वृद्धाश्रमका लागि डेढ विगाहा जमिन उपलब्ध गराएको छ ।

नारायणगढ उद्योग वाणिज्य संघका अध्यक्ष उदय श्रेष्ठले परियोजना १० महिनामा सम्पन्न गरिसक्नु पर्ने भएकाले सबै अघि बढ्नु पर्ने बताउनु भयो । रत्न नगर उद्योग वाणिज्य संघका अध्यक्ष नारायण काजी श्रेष्ठले परियोजना विलम्बमा विविध कारण भएपनि जीवा लामिछानेको नेतृत्वमा विदेशमा रहेका नेपालीहरुले सहयोग रकम संकलन गरेकाले यो संभव भएको बताउनु

भयो । उक्त अवसरमा अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु निलेन्द्र श्रेष्ठ, रवीन्द्र श्रेष्ठ, रसियाका अरुण ओभ्मा, बेल्जीयमका रजनी प्रधान, अमेरिकाका श्री विष्ट लगायतको उपस्थिती थियो ।

शिलान्यास समारोहमा धन्यवाद ज्ञापन गर्दै महासंघका निवर्तमान अध्यक्ष विनोद वहादुर श्रेष्ठले यो परियोजनाको निर्माण भन्दा पनि संचालन गर्न अप्ठ्यारो भएकाले सबैलाई यसतर्फ सोच्न आग्रह गर्नुभयो । उहाँले यो कार्यक्रममा सहयोग गर्ने सम्पूर्ण गैरआवसीय नेपालीहरु, व्यवसायीहरु, समाजसेवीहरु र धार्मिक व्यक्तित्वहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

बृद्धाश्रममा पहिलो चरणको निर्माणपछि यसको क्षमता ५८ वटा शैऱ्या रहने छन् । करिब १ करोड २८ लाख रुपैयाँको लागतमा निर्माण हुन लागेको हो । स्मरण रहोस, उक्त परियोजनाको संयोजन गैरआवसीय नेपालीको तर्फबाट आइसीसी सदस्य जीवा लामिछानेले गरिरहनु भएको छ । उहाँका अनुसार आश्रममा ५ हजार डलर वा सो भन्दा बढी सहयोग गर्नेले कोठाको आफूले चाहेको नामाकरण गर्न पाउने व्यवस्था छ ।